# आ.व २०८२/०८३ को दोस्रो त्रैमासिक समिक्षा कार्यक्रम सम्पन्न

## प्रतिवेदन पत्र

बेनीघाट रोराङ गाउँपालिका

**पेश गरिएको निकाय**

बेनीघाट रोराङ गाउँपालिका

विशालटार, धादिङ।

**पेश गर्ने**

बेनीघाट रोराङ गाउँपालिका, योजना शाखा

## १.परिचयः

बेनीघाट रोराङ गाउँपालिकाका विषयगत शाखाहरू, वडा कार्यालयहरू तथा स्वास्थ्य संस्थाहरूबाट आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिक अवधिमा सम्पादन भएका कार्यक्रम, सेवा प्रवाह, उपलब्धि तथा प्रगतिहरूको समीक्षा गर्ने उद्देश्यले एकदिने दोस्रो त्रैमासिक समीक्षा कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा सम्बन्धित शाखा तथा कार्यालय प्रमुखहरूले पावर प्वाइन्ट प्रस्तुतिमार्फत आफ्नो शाखाबाट सम्पन्न भएका कार्यक्रम, उपलब्धि, देखिएका समस्या, चुनौती तथा आगामी कार्ययोजनाबारे प्रस्तुति दिएका थिए। जनप्रतिनिधि तथा कर्मचारीहरूको सक्रिय सहभागितामा कार्यक्रम सम्पन्न भएको र सोही आधारमा यो प्रतिवेदन तयार गरिएको हो।

## २.उद्देश्य

- गाउँपालिकाका विषयगत शाखा, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूबाट दोस्रो त्रैमासिक अवधिमा सम्पादन भएका कार्यक्रमहरूको समीक्षा गर्नु।
- आ.व. २०८२/०८३ का लागि निर्धारण गरिएका लक्ष्य तथा उद्देश्यअनुसार भएका कार्यहरूको प्रगतिको मूल्याङ्कन गर्नु।
- सेवा प्रवाहमा देखिएका समस्या, चुनौती तथा सुधारका उपायहरूको पहिचान गर्नु।

## ३.उपलब्धी

- विषयगत शाखा, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूबाट दोस्रो त्रैमासिक अवधिमा सम्पन्न भएका कार्यक्रमहरूको समीक्षा सम्पन्न भएको।
- निर्धारित लक्ष्य तथा कार्ययोजनाअनुसार अधिकांश कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको।
- शाखागत उपलब्धि, असल अभ्यास तथा आगामी कार्ययोजनाबारे साझा छलफल तथा अनुभवहरु आदान प्रदान भएको।

**४.कार्यक्रमको नामः** *आ.व २०८२/०८३ को दोस्रो त्रैमासिक समिक्षा कार्यक्रम*

**५.कार्यक्रम सञ्चालन भएको स्थानः** बेनीघाट रोराङ गाउँपालिकाको सभाहल

**६.कार्यक्रम सञ्चालन भएको अवधिः** २०८२ माघ ५ गते

**७.कार्यक्रम सञ्चालन प्रक्रिया**

- बिहान ठिक ८.०० बजे गाउँपालिकाको सभाहलमा उपस्थित भएको।

- कार्यक्रममा विषयगत शाखा, वडा कार्यालय र स्वास्थ्य संस्थाको आ.व २०८२/०८३ को दोस्रो त्रैमासिकमा भए गरेका विभिन्न कार्यक्रमहरु र असल अभ्यासहरु पावर प्वाइन्ट प्रिजेन्टेशन मार्फत पालैपालो शाखा प्रमुखबाट आफ्नो प्रस्तुती गरि कार्यक्रम सम्पन्न भएको।

## ८.कार्यक्रमको वास्तविक लागत खर्च

| क्र.सं. | विवरण | परिमाण | ईकाइ | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खाना/खाजा र पानी | एकमुष्ठ | एकमुष्ठ | एकमुष्ठ | १,५०,०००/- | |
| कुल जम्मा | | | | | १,५०,०००|- | |

## ९. सहभागी विवरण तपशिल बमोजिम रहेका छन्।

- बेनीघाट रोराङ गाउँपालिकाको आ.व. २०८२/०८३ मा गाउँपालिका र गाउँपालिका मातहतका कार्यालयहरुबाट दोस्रो त्रैमासिक समिक्षा कार्यक्रममा गाउँपालिका आदरणीय अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यहरु, विषयगत शाखा प्रमुखहरु, वडा सचिवहरु र स्वास्थ्य इकाइ प्रमुखहरुको सक्रिय सहभागिता रहेको थियो।

## १०. दोस्रो त्रैमासिकमा शाखागत, वडा कार्यालय र स्वास्थ्य संस्थाबाट सेवा प्रवाह गर्दा देखा परेका समस्याहरु:-

- भाद्र महिनाको २३ र २४ गते भएको जेन्जी आन्दोलन पश्चात प्रतिनिधी सभाको निर्वाचनको माहोलले गर्दा सार्वजनिक सेवा प्रवाह गर्न जटिल रहेको।

## ११. समस्या समाधानका लागि चालिएका पहलहरु:-

- समुदायको आवश्यकता, देशको वर्तमान परिवेश तथा जनअपेक्षालाई मध्यनजर गरी सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरिएको।
- शाखाहरूबीच समन्वय तथा नियमित अनुगमनलाई थप प्रभावकारी बनाउने सहमति गरिएको।
- सेवाग्राहीमैत्री सेवा प्रवाहलाई प्राथमिकता दिई आवश्यक समन्वय र सहकार्यलाई निरन्तरता दिने निर्णय गरिएको।

बेनीघाट रोराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विशालटार धादिङ
बागमती प्रदेश, नेपाल

## १२. सारांश

बेनीघाट रोराङ गाउँपालिकाका विषयगत शाखा, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूले दोस्रो त्रैमासिक अवधिमा सम्पन्न गरेका कार्यक्रमहरूको विस्तृत तथा प्रभावकारी प्रस्तुति गरेका थिए। वडा नं. १ देखि वडा नं. १० सम्मका सम्पूर्ण वडा अध्यक्षहरूको सक्रिय उपस्थितिले कार्यक्रमलाई थप उपलब्धिमूलक बनाएको थियो। प्रस्तुत समीक्षा कार्यक्रमले चालु आर्थिक वर्ष २०८२/०८३ का लक्ष्य तथा उद्देश्यहरूको प्रगति मूल्याङ्कन गर्न, सेवा प्रवाहमा देखिएका समस्या तथा चुनौतीहरूको पहिचान गर्न र आगामी कार्ययोजनालाई थप प्रभावकारी बनाउने आधार तयार भएको छ।

तयार गर्नेः

परशुराम घिमिरे

शाखा अधिकृत

बेनीघाट रोराङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय विशालटार धादिङ बागमती प्रदेश, नेपाल

बेनीघाट रोराङ गाउँपालिका